# बहुभाषिक शिक्षा के का लागि ?

## पृष्ठभूमि

आधारभूत शिक्षामा पूर्व प्राथमिक तथा प्राथमिक शिक्षाको १ देखि ५ कक्षासम्म पढाइ हुने माध्यम भाषा विद्यार्थीहरूको मातृभाषा हुनुपर्दछ । बालबालिकाहरूको शैक्षिक धारणा र जग बलियो बनाउन उनीहरूले आफ्नै मातृभाषाको माध्यमबाट आधारभूत शिक्षा शुरूआत गर्न पाउनु पर्दछ । यसले उनीहरूको विषय र प्रसङ्गलाई बुझ्ने क्षमता पनि प्रभावकारी बनाउँछ । मातृभाषा भाषामा विकास भएको साक्षरता सीप प्रयोग गरी अर्को भाषाको माध्यमबाट पढ्न सजिलो बनाउँछ । यसैले बालबालिकाहरूको लागि गुणस्तरीय शिक्षा प्रदान गर्न पनि शिक्षाको शुरूआत मातृभाषाबाट नै गर्नुपर्दछ । साथै Normally aging bilinguals had better cognitive functioning than normally aging monolinguals. (The Binglingual Advantage, http://www.NYT.com, 30 May 2011) ले पनि के स्पष्ट पारेको छ भने मातृभाषा र अर्को भाषाको माध्यमबाट पढेका बालबालिकाहरूको बुझ्ने शक्ति राम्रो हुन्छ भनेको छ । फेरि यसले पुस्तौं पुस्तासम्म हाम्रो भाषा, संस्कृति र सीपहरू हस्तारण गरेर ऐतिहासिक पहिचानलाई कायम गर्न सहयोग पुऱ्याउँछ । यो कुरालाई प्राध्यापक डाक्टर Bialystok ले पनि आफ्नो अनुसंधानमा लेख्नुभएको छ । उहा भन्नुहुन्छ, There are two major reasons people should pass their heritage language onto children. First, It connects children to their ancestors. The second in my research, bilingualism is good for you. It makes brain stronger. It is brain exercise (http://www.NYT.com, 30 May 2011) यी मान्यताहरूलाई स्विकार्दै नेपाल सरकार शिक्षा मन्त्रालयले शिक्षा नियमावली र विद्यालय क्षेत्र सुधार कार्यक्रम मार्फत बहुभाषिक शिक्षा कार्यक्रम लागू गर्ने निर्णय गरेको छ । यसकै लागि बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका जारी गरिसकेको अवस्था छ ।

अहिले हाम्रो पहिलो आवश्यकता भनेको अन्तराष्ट्रिय गुणस्तरको तर हाम्रै देशमा नै खपत हुने जनशक्ति तयार गर्नु हो । यस्तो जनशक्ति विकास गर्नका लागि हाम्रा सामुदायिक विद्यालयहरूको स्तरोन्नति विना सम्भव छैन । किनभने नीजि विद्यालयहरूले पश्चिमा राष्ट्रहरूको आवश्यकतालाई पूरा गर्ने गरी पाठ्यक्रमको अधारमा शिक्षण क्रियाकलाप गरेको पाइन्छ । यसले पनि देशको विकासमा सामुदायिक विद्यालयहरूको महत्व र आवश्यकतालाई झन बढाएको छ । सामुदायिक विद्यालयको उत्पादित जनशक्ति उत्कृष्ट बनाउनको लागि पहिलो आधार भनेको मातृभाषाको माध्यमबाट शिक्षा दिने राम्रो वातावरण विकास गर्नु हो । साथै बिस्तारै बालबालिकाहरूलाई दोस्रो भाषा र अन्तराष्ट्रिय भाषा (अङ्ग्रेजी) को माध्यमबाट पढ्ने पढाउने व्यवस्था गरिनुपर्दछ । उनीहरूको सिकाइ उपलब्धि पनि उत्कृष्ट हुन्छ । यसले बालबालिकाहरूलाई जीवन पर्यन्त सिकारू बनाउँछ ।

## बहुभाषिक शिक्षाका फाईदाहरू

डा. लव देव अवस्थीले आफ्नो सोधपत्र Exploring Monolingual School Practices in Multilingual Nepal २००४ मा भन्नु भएको छ, In view of the present insurgency situation in the country, the role of MTM education appears to be even more pertinent. Its role is crucial for both peace building and poverty reduction purposes. The role of Nepal's indigenous and ethnic languages can be central in the capability approach to poverty. My study indicates that the development of indigenous peoples and ethnic minorities is linked with their freedoms of choices and freedoms of using 'alternative combinations' in order to address their linguistic and cultural needs in harmony with their local material conditions and value systems. यसले शिक्षामा मातृभाषाको महत्त्व र प्रभावहरूलाई बुझ्न बुझाउन अझ सजिलो बनाएको छ । बुदाँगत रूपमा बहुभाषिक शिक्षाको महत्त्वलाई यसरी पनि व्यक्त गर्न सकिन्छ ।

- शिक्षा व्यवहारिक तथा वैज्ञानिक बनाउन सहयोग पुग्दछ ।
- बालबालिकाहरूको सिकाइ उपलब्धि उत्कृष्ट हुन्छ । किनभने नेपाली तथा अङ्ग्रेजी भाषालाई पनि बिस्तारै माध्यम भाषाको रूपमा प्रयोग गर्ने उचित विधिहरू प्रयोग गरिन्छ ।
- शिक्षामा राष्ट्रले लिएको उद्देश्यहरू पूरा गर्न सकिन्छ ।
- जनजातिहरू तथा स्थानीय समुदायको भाषाहरूको सामाजिक मर्यादा बढाउँछ ।
- बालबालिकाहरूलाई उनीहरूको सांस्कृतिक पृष्ठभूमिसँग नजिक बनाइ राख्छ ।
- बालबालिकाहरूले आफ्नो घर परिवार तथा समुदायसँग असल सम्बन्धको विकास गर्न सक्छन् ।
- आजको आधुनिक विश्वमा रोजगारीको वातावरण सिर्जना गर्न सहयोग पुग्दछ ।
- विद्यालयको पाठ्यक्रम र सिकाइमा भाषाहरूको पहुँच सरल बनाउँछ ।

- विभिन्न भाषिक तथा सांस्कृतिक समुदायसँगको सम्बन्ध सुमधुर र सञ्चार सजिलो बनाउँछ।
- बालबालिकाहरूलाई हामी बीच भएको वृहत भाषिक, संस्कृतिक, धार्मिक, मनोरञ्जनका माध्यम तथा ईच्छाहरूलाई आदान प्रदान गर्न अवसर उपलब्ध गराउँछ।
- एकले अर्काको भाषा, संस्कृति, धर्म तथा परम्पराहरूलाई सम्मान गर्ने बानीको विकासले देशमा भाषिक, सांस्कृतिक तथा धार्मिक द्वन्द्वलाई न्यूनिकरण गदै शान्तिपूर्ण वातावरणको विकास गर्छ।
- विद्यालयबाट असल नागरिक उत्पादन गर्न सकिन्छ । लोकतान्त्रिक प्रणाली व्यवस्थित र क्रियाशील हुन सहयोग पुग्दछ।
- बहुभाषिक शिक्षाले व्यक्ति र समाजमा सकारात्मक धारणाको विकास गर्छ। Colin Baker का अनुसार "The ability to speak the mother tongue as well as the national language and an international language creates a much wider rage of life choices for individuals but can also achieve national unity. "
- विविधता भित्र एकता विकास भइ सामाजिक सदभाव राम्रो एकता बलियो हुन्छ।
- भाषा, संस्कृति र पहिचानः म को हुँ ? हामी को हौं ? भन्ने कुरा बुझ्न बालबालिकाहरूलाई मद्दत गर्छ।

## बहुभाषिक शिक्षा बारेमा देखिएका भ्रमहरूः

यतिका फाईदाहरू हुँदा हुँदै पनि बहुभाषिक शिक्षाका विरूद्धमा सरोकारवालाहरूबाट नै समाजमा आवाजहरू उठ्ने गरेका छन । सम्पर्क र छलफलहरूमा प्रायः निम्न प्रकृतिका धारणाहरू सुन्नमा पाइन्छ । जुन कुरालाई सम्बोधन नगरीकन बहुभाषिक शिक्षा कार्यक्रमलाई दिगो बनाउन र प्रभाावकारी तरिकाबाट लागू गर्न त्यति सजिलो अवस्था देखिदैन।

- प्रायः अभिभावकहरू आफ्ना बालबालिकाहरूलाई अङ्ग्रेजी भाषाको माध्यमबाट पढाउन चाहन्छन । आज अङ्ग्रेजी संसारमा उपल्लो दर्जाको भाषा र अर्थोपार्जनको मुख्य आधार मानिन्छ।
- अभिभावक र शिक्षकहरू अङ्ग्रेजी भाषाको माध्यमबाट पढाइ भयो भने सिकाइ पनि राम्रो हुन्छ भनेर विश्वास गर्छन। अङ्ग्रेजी भाषाबाट पढाउन सक्नु सामाजिक प्रतिष्ठाको रूपमा लिइन्छ।
- शिक्षकहरूले पनि विद्यालयमा मातृभाषा नसिकेका कारणले उनीहरू मातृभाषामा शिक्षाले राम्रो गर्छ भनेर विश्वास गर्दैनन्।
- शिक्षकहरू मातृभाषाका पढाउन सकिन्न भन्छन किनकी कसरी पढाउने भनेर कुनै तालिमको राम्रो व्यवस्था हुन सकेको छैन।
- मातृभाषी शिक्षक भएतानि उनीहरूलाई आफ्नो मातृभाषामा लेखपढ गर्न आउँदैन।
- मातृभाषामा आवश्यक पर्ने पाठ्यक्रम र पाठ्यसामग्रीहरू छैनन्।
- अन्य भाषाहरू सिक्न मातृभाषाले सहयोग पुग्छ भनेर कसरी विश्वास गर्ने ? त्यसका अधारहरू के के हुन ?
- मातृभाषामा शिक्षाले रोजगारी बढाउँछ भन्ने मान्यतालाई पुष्टि गर्ने आधारहरू के के छन ?
- लोकतन्त्र बलियो बनाउन मातृभाषाको भूमिका कस्तो हुन्छ ?

तसर्थ बहुभाषिक शिक्षा कार्यक्रमप्रति आम सरोकारवालाहरूको धारणा सकारात्मक बनाउन र उनीहरूको सक्रिय सहभागिता जुटाउनका लागि नियमित रूपमा जनवकालत तथा सचेतना कार्यक्रम गरिरहनु पर्दछ। साथै सामुदायिक विद्यालयहरूको क्षमता विकास गर्नका लागि विशेष कार्यक्रम लागू गर्नुपर्दछ । विद्यालय स्तरमा नै पाठ्यक्रम बनाउने, पाठ्यक्रमका आधारमा सामग्रीहरू बनाउने, छनौट गर्ने र प्रयोग गर्न सजिलो वातावरण तयार गर्नुपर्दछ। शिक्षकहरूलाई आवश्यक सहयोग गर्ने, तालिम दिने र विद्यालयको प्रगतिको अनुगमन गर्ने प्रभावकारी संयन्त्रको विकास र प्रयोग निश्चित गरिनुपर्दछ । यसका लागि शिक्षा विभागले सरकारी गैर-सरकारी संस्थाहरूबीच समन्वयकारी भूमिका खेल्न सक्नुपर्दछ। "सेवा सत्कार र खामवन्दी पुरस्कार" बाट हामी सरोकारवालाहरू जोगिनु पर्दछ। काममा रमाउने मानसिकता र संस्कारको विकास गर्न सक्नुपर्दछ।



© पुष्कर कडेल, कार्यक्रम निर्देशक
भाषा विकास केन्द्र नेपाल, काठमाडौं
Website: http://ldcnepal.org/
१८ जेठ २०६८ (०१ जुन २०११)
इमेलः pushker.kadel@gmail.com